# विश्व

2018, JUN
Wednesday
13


**दुर्घटना**

अमेरिकाको फ्लोरिडाको एउटा राजमार्गमा कारका यात्रु नै बाहिर हावामा उड्ने गरी भएको खतरनाक दुर्घटनामा कसैको पनि ज्यान नगएको प्रहरीले जनाएको छ।



**अभियोग**

नोवेल पुरस्कार स्थगन सम्बन्धमा सरोकार रहेका फोटोग्राफर जिन क्लाउडे आर्नल्ट विरुद्ध बलात्कारको अभियोग लगाइएको छ।



## विश्व २ मिनेट

### इटाली

#### आप्रवासीलाई मद्दत

रोम, (एजेन्सी)

माल्टामा अलपत्र परेको एउटा जहाजबाट उद्धार गरिएका ६ सय २९ जना आप्रवासीको हेरचाह गरिरहेको एउटा दातृसंस्थाका दुईवटा इटालियन जहाजले तिनीहरूलाई स्पेनी बन्दरगाह भालेन्सियासम्म पुऱ्याउन लागेको मंगलबार जनाएको छ। एसओएस मेडिटेर्रानी र स्पेनी अधिकारीहरूले अक्वारिस नामक सो जहाजलाई इटालियन तटरक्षक जहाज र अर्को एउटा युद्धपोतले साथ दिन लागेको बताएका छन्। एसओएसले हिजो राहत सामग्री आइपुगेको तस्वीरहरू ट्विट गरेको छ। माल्टाको नौसेना र इटालियन सरकारले ती सामग्री पठाएका हुन्। इटालियन तट रक्षकले भालेन्सियासम्मको यात्राका लागि चार दिन लाग्ने जनाइएको छ।

### अस्ट्रेलिया

#### शाही भ्रमण

सिडनी, (एजेन्सी)

बेलायतको सेसेक्सका ड्युक तथा डचेस राजकुमार ह्यारी र नव विवाहित राजकुमारी मेगानले आगामी अक्टोबरमा अस्ट्रेलिया, फिजी , टोंगा र न्युजिल्यान्ड भ्रमण गर्ने भएका छन्। मे महिनामा विवाह बन्धनमा बाँधिएका शाही दम्पतीको यो पहिलो औपचारिक विदेश भ्रमण हो। यी दम्पतीले राजकुमार ह्यारीका मातापिता चार्ल्स र डायनाको पथ पछ्याएका छन्। चार्ल्स र डायनाले पनि विवाहपछि अस्ट्रेलिया र न्युजिल्यान्डको भ्रमण गरेका थिए। यस भ्रमणले मेगानले शाही दम्पतीको अर्धांगिंनी भएर कसरी आफ्नो कर्तव्य निर्वाह गर्छिन् भन्ने परीक्षा सावित हुने बताइएको छ।

### चीन

#### पुन क्षेप्यास्त्र तैनाथ

हंङकङ, (एजेन्सी)

चीनले गत हप्ता विवादित दक्षिण चीन सागरमा तैनाथ आफ्नो क्षेप्यास्त्र हटाएको थियो। तर एक हप्ता नबित्दै त्यसलाई फेरि त्यही स्थानमा तैनाथ गरेको जनाइएको छ। क्षेप्यास्त्र पुन तैनाथ गरेको तथ्य स्याटलाइटले पठाएका तस्वीरबाट थाहा भएको हो। उक्त तस्वीर शुक्रबार लिइएको इजरायल सेनालाई स्याटलाइट तस्वीर उपलब्ध गराउने इमिजस्याट इन्टरनेसनलले जानकारी दिएको छ। विवादित दक्षिण चीन सागरलाई लिएर अमेरिका र चीन पहिल्यैदेखि मतभेदमा अल्झेका छन्। चीनको यो कदमलाई दुई देशबीचको बढ्दो तनावका रूपमा हेरिएको छ।

### फ्रान्स

#### अभियोग

पेरिस, (एजेन्सी)

यसवर्षको साहित्यका लागि नोबेल पुरुस्कार स्थगित हुनुमा अहम् भूमिका रहेका फ्रन्च फोटोग्राफर जिन क्लाउडे आर्नल्टबिरुद्ध बलात्कारको अभियोग दायर भएको मंगलबार प्रहरीले जनाएको छ। तर सन् २०११ मा घटेका दुईवटा अभियोग उनले ठाडै अस्वीकार गरेका छन्। यस बलात्कार काण्डकै कारण गत महिना नाबेल पुरस्कार प्रदान गर्ने स्विडेनी एकेडमीले यसपालिको साहित्यतर्फको पुरस्कार स्थगित गर्ने घोषणा गरेको थियो। स्विडेनमा निकै चर्चित ति फोटो ग्राफरले उक्त एकेडमीका एक सदस्यसंग विवाह गरेका थिए।

**ट्रम्प किम ऐतिहासिक सिंगापुर वार्ता**

# सबै बाधा पार गरी भेट्न पाएकोमा खुसी छु : किम

## परमाणु निशस्त्रीकरण र सम्बन्ध सुधार्ने प्रतिबद्धता व्यक्त





सिंगापुर, (एजेन्सी)

ट्रम्प किम शिखर बैठकपछि चीनले उत्तर कोरियालाई प्रतिबन्धबाट राहत दिनुपर्नेमा विचार गर्नुपर्ने बताएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले अर्को हप्ता अमेरिका र उत्तर कोरियाबीच अर्को चरणको वार्ता हुने बताए। वार्तापछि दुई नेताले हस्ताक्षर गरेको दस्तावेजमा कोरियाली प्रायद्विपमा परमाणु निशस्त्रीकरण र द्विपक्षीय सम्बन्धलाई सही दिशा दिनेमा प्रतिवद्धता व्यक्त गरिएको छ।

बैठकमा आफूले किमसँग मानव अधिकारका विषयमा पनि वार्ता गरेको ट्रम्पले जानकारी दिए। प्रतिबन्ध हटाउने विषयमा आफूहरूलाई विश्वास भएमा परमाणु क्षेप्यास्त्र कुनै मुद्दा नहुने पत्रकार सम्मेलनमा ट्रम्पले बताए। उनले भने- 'किमले मलाई भने, हामी कहिल्यै यति धेरै अगाडि बढेका थिएनौं। विगतका कुनै राष्ट्रपतिमाथि समस्या सही ढंगले समाधान गर्छन् भन्ने आफूलाई नलागेको किमले भने।

किम जोङ उनसँग आफ्नो देशको भविष्यलाई राम्रो बनाउने अवसर छ। युद्ध त जो पनि गर्न सक्छ तर अत्यन्तै शाहसी व्यक्तिले मात्र शान्ति स्थापित गर्न सक्छ ,राष्टपति ट्रम्पले बैठकपछि पत्रकार सम्मेलनमा बताए। उत्तर कोरियालाई ध्वस्त पार्ने धम्की किन दिइएको थियो भन्ने प्रश्नको जवाफमा ट्रम्पले त्यतिबेलाको समयको हिसाबले सोही भाषामा जवाफ दिनुपरेको बताए।

दक्षिण कोरियाली राष्ट्रपतिलाई के भन्नुहुन्छ भन्ने एक प्रश्नको जवाफमा ट्रम्पले भने- 'राष्ट्रपनि मुन जेइ इन एक भद्र पुरुष हुन्। यदि उनी यहाँ भएको भए अत्यन्त खुसी हुन्थे। यहाँ जे भएको छ त्यो उनलाई पठाइसकेको छु। किम र मैले जुन दस्तावेजमा हस्ताक्षर गरेको हो, त्यसलाई पठाइसकेको छु। यस प्रक्रियामा चीन र दक्षिण कोरिया पनि संलग्न हुन् भन्ने मैले चाहेको छु। हामी नयाँ इतिहासका लागि तयार छौं। हामी नयाँ अध्याय लेख्न तयार छौं। किम जोङ उनसँगको ऐतिहासिक भेटपछि ट्रम्पले प्रतिक्रिया दिए। 'चेयरम्यान किमले एक दस्तावेजमा हस्ताक्षर गरी कोरियामा परमाणु निशस्त्रीकरणको प्रतिवद्धता गरेको छ' -ट्रम्पले बताए।

यसअघि बैठकमा उत्तर कोरियाली नेता किमले पूर्ण परमाणु निशस्त्रीकरणका लागि प्रतिवद्धता व्यक्त गरेका थिए। 'हामी पुन भेट्नेछौं, बारम्बार भेट्नेछौं' ट्रम्पले भने। दुई नेताबीचको बैठकमा कुनै प्रकारको सहमतिमा हस्ताक्षर हुने वा नहुने विषयमा आशंका गरिएको थियो ।वार्ताको सफलतालाई लिएर कसैले गरेको अपेक्षाभन्दा धेरै नै राम्रो भएको ट्रम्पले बताए।

विश्वको प्रमुख आकर्षण रहेको उत्तर कोरियाली नेता किमले भने- 'मलाई लाग्छ पुरै विश्वले यो क्षणलाई हेरिरहेका छन्। विश्वमा धेरैका लागि यो कल्पना र साइन्स फिक्सन फिल्मको दृष्यजस्तो लागेको हुन सक्छ।

हामीले यस शिखर वार्तामा सबै आशंका र अनुमानलाई पार गरेका छौं। यो शान्तिका लागि राम्रो हो भन्ने मैले ठानेको छु , ट्रम्पसँगको वार्तापछि किमले भने। दुई नेताबीच सिंगापुरको सेनटोसा द्विस्थित क्यापेला होटलमा करिब ५० मिनेट लामो वार्ता भएको थियो।

किमले ट्रम्पलाई सम्बोधन गर्दै भनेका थिए- 'तपाईसँग भेट्नु त्यति सहज थिएन। सबै बाधा पार गरेर भेटन पाएकोमा मलाई खुसी लागेको छ। ट्रम्पले बैठकमा किमलाई आश्वस्त पार्दै दुई देशको सम्बन्ध राम्रो हुनेमा आफू विश्वस्त भएको बताएका थिए। यसअघि वार्तास्थलमा पुगेका ट्रम्प र किमले आफ्नो पहिलो भेटमा हात मिलाए।

## उत्तर कोरियामा वार्ताको समाचार दिएन

सोल, (एजेन्सी)

विश्वभरिका समाचार च्यानल तथा सञ्चार माध्यम यो बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका नेता किम जोङ उनको ऐतिहासिक भेटवार्ताको चर्चामा व्यस्त देखिएका छन्। सबैतिर यस ऐतिहासिक भेटवार्ताको प्रत्यक्ष प्रसारणमा जुटेका छन्।

किम र ट्रम्प मुस्कुराउँदै हात मिलाएको, हाँस्दै सिंगापुरस्थित वार्ता स्थल होटलको बगैंचामा सँगसँगै टहल्दै गरेका भिडियो तथा तस्वीर सबैतिर छाइरहेका छन्। सञ्चार माध्यम र विश्वकै लागि उक्त घटनाभन्दा अर्को कुनै पनि विषयले महत्व राखेको छैन।

तर यही बेला उत्तर कोरियाको समाचार च्यानलले मंगलबार भएको किम-ट्रम्प ऐतिहासिक भेटवार्तालाई देखाएको छैन। उत्तर कोरिकाको सरकारी टिभी च्यानल कोरियन सेन्ट्रल टेलिभिजनले उक्त वार्ताको विषयमा कुनै समाचार सामग्री प्रसारण गरेको छैन। बिहानको समाचार बुलेटिनमा नेता किम सिंगापुरको भ्रमणमा रहेको मात्र उल्लेख गरेको थियो।

# घरेलु उत्पीडन र हिंसाका कारण शरणार्थी बन्न नपाइने




वासिंगटन, (एजेन्सी)

अमेरिकी महान्यायधिवक्ताले अबदेखि घरेलु उत्पीडन तथा सामूहिक हिंसाका पीडितहरूलाई अमेरिका शरणार्थी लिनका लागि योग्य ठहर नगरिने सोमबार बताएका छन्। महान्यायधिवक्ता जेफ सेस्सन्सले यस्तै घटनामा सन् २०१६ मा एकजना एल साल्भाडोरका महिलालाई शरणार्थी बन्नका लागि दिइएको अनुमति निर्णय उल्टाइएको छ।

ती एल साल्भाडोरकी महिलालाई बलात्कार र आफ्नै पतिबाट यातना दिइएको थियो। मानवअधिकारवादी अभियन्ताहरूले यस कदमले दशौं हजार व्यक्ति प्रभावित हुनसक्ने भन्दै आलोचना गरेका छन्। सेस्सन्सले भनेका छन्- 'सीमा क्षेत्रमा हुने अवैध आप्रवासीहरूको प्रवेशमाथि न्यून सहनशिलता अपनाइनेछ। सामान्यतया अब गैरसरकारी संस्थाहरूद्वारा सिफारिस गरिएका घरेलु र सामूहिक अन्याय अत्याचार पीडितहरूलाई शरणार्थीको दर्जा दिन योग्य मानिने छैन।

कुनै पनि राष्ट्रमा यस्ता अपराधिक गतिविधिका लागि आफ्नै प्रभावकारी नीतिहरू बनेका हुन्छन्, यस्तै अपराधको शिकार भएको आधारमा अब कसैले अमेरिकामा शरणर्थीका लागि आवेदन दिन पाइँदैन।' वर्तमान अमेरिकी र अन्तर्राष्ट्रिय कानुनअनुसार यदि आफ्नै देशमा जातियता, राजनीतिक विचारधारा, राष्ट्रियता, धर्म वा कुनै विशेष सामाजिक समूहमा आवद्ध भएकै आधारमा कसैलाई कानुनी कारबाही हुने डर भएको खण्डमा तिनीहरूले अन्य मुलुकमा शरणार्थी बन्न आवेदन दिन सक्छन्।

अदालतको यस आदेशका कारण कतिवटा घटना प्रभावित भयो भन्ने स्पष्ट भएको छैन। तर अभियन्ताहरूका अनुसार प्रत्येक वर्ष आफ्ना देशमा सामूहिक हिंसा र घरेलु उत्पीडनका कारणले कम्तिमा १० हजार व्यक्तिले अमेरिकामा शरण लिन आवेदन दिने गरेका छन्।

# टपलेस हुन पाउने पक्षमा मतदान

वार्सिलोना, (एजेन्सी)




म्याड्रिडको वार्सिलोना नजिकको एउटा गाउँका महिलाहरूले स्थानीय प्रतिबन्धलाई उछिन्दै सार्वजनिक स्विमिङ पुलहरूमा स्तन नछोपिकन पौडिन पाउने पक्षमा मंगलबार मतदान गरेका छन्।

ला आमेन्तेल्ला डेल भ्याल्लेस गाउँमा यस विषयमा भएको मतदानमा टपलेस भएर पौडिने पक्षमा ६१ र त्यसको विपक्षमा ३९ प्रतिशत मत खसेको थियो। क्याटलन स्थनीय प्रशासनले १६ वर्ष माथिका महिलाहरूबीच गराएको यस चुनावमा ३ सय ७९ महिलाले भाग लिएका छन्।

गत वर्ष गर्मी याममा प्रहरीले स्विमिङ पुलहरूमा गएर दुई जना महिलालाई विकिनी टप लगाउन दबाब दिएपछि टपलेस हुने अभियान शुरू गरिएको थियो। एकजना लाइफ गार्डले प्रहरी बोलाएका थिए।

उक्त घटनाको विरोध गर्ने क्रममा महिला तथा पुरुष दुवैले स्विमिङ पुलहरूमा निप्पल कोरिएका विकिनी लगाएका थिए। वार्सिलोनादेखि करिब ३५ किमि उत्तरमा पर्ने सो गाउँको जनसंख्या करिब ८ हजार रहेको छ।

(५नं फाँट)
मुद्दा नं. ०७४-PC-०४२३/०१०५०
मुद्दा नं. ०७४-CP-०४००/०१०४९

**झापा जिल्ला अदालतबाट जारी भएको तपसिलमा उल्लेखित प्रतिवादीका नामको ३० दिने समाब्हान/इतलायनामा म्याद ।**

उप्रान्त बादी जिल्ला झापा भद्रपुर न.पा. वडा नं. ६ बस्ने नविनसिंह राजवंशी समेतले तपाई समेत उपर मिति २०७४/९/७ गते दे.मु.नं. १८-०७४-०१०४९ को लिखत दर्ता बदर दर्ता कायम चलन र दु.फौ.नं. १८-०७४-०१०५० को जालसाज मुद्दाहरुमा तपाईका नाँउमा म्याद जारी गर्दा समेत फिरादमा उल्लेखित वतनमा तपाईको घरद्धार फेला नपरी उक्त म्याद वेपत्ते व्यहोराबाट म्याद तामेल भएकाले यस अदालतको मिति २०७५/०२/०९ गतेको आदेश बमोजिम तपाईका नाँउमा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(क) को उपनियम(१)को खण्ड(ख) बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक ३० दिन भित्र तपाईको प्रमाण सहित दुबै मुद्दामा प्रतिउत्तर गर्न आफै वा आफ्नो प्रतिनिधित्व गर्ने कानून व्यवसायी मार्फत साथै कानून बमोजिम वारेस मुकरर गरी पठाउनु होला । म्याद भित्र प्रतिउत्तर पत्र नफिराए वा हाजिर हुन नआए मुद्दा कानून बमोजिम हुनेछ । अन्यथा पछि तपाईको कुनै उजूर लाग्ने छैन ।

तपसिल

भरतनाथ कर्मचार्यको छोरा शम्भूलाल राजवंशीको श्रीमती जिल्ला झापा साविक महेशपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित भद्रपुर नगरपालिका वडा नं. ६ मोतीयावारी टोल बस्ने अ. बर्ष ५७ की मिना राजवंशी...............१

इति सम्वत २०७५ साल जेष्ठ २८ गते रोज २ शुभम्...............

## अमेरिका...

### प्रतिबन्ध जारी रहने

यद्यपि अमेरिकी राष्ट्रपतिले परमाणु परीक्षणका कारण उत्तर कोरियामाथि लगाइएका प्रतिबन्ध जारी रहने बताए। यस क्रममा राष्ट्रपति ट्रम्पले अर्को महत्वपूर्ण घोषणा गर्दै दक्षिण कोरियामा तैनाथ अमेरिकी सैनिक फिर्ता गर्न चाहेको बताए। चुनाव प्रचारका क्रममा ट्रम्पले जनतालाई उक्त आश्वासन पनि दिएका थिए।

ट्रम्पले भने-'मैले आफ्ना सैनिकहरूलाई त्यहाँबाट निकाल्न चाहेको छु। म उनीहरूलाई स्वदेश बोलाउन चाहन्छु। यद्यपि यो तत्काल हुने होइन। भविष्यमा यो हुन्छ भन्ने मैले अपेक्षा गरेको छु।

ट्रम्पको यस टिप्पणीले दक्षिण कोरियाका कट्टरपन्थीहरूमा हलचल मच्चिएको हुन सक्ने अनुमान गरिएको छ। उनीहरूले देशको सुरक्षालाई जोखिममा नपुर्‍याउन ट्रम्पलाई अनुरोध गरेका थिए। अमेरिका र दक्षिण कोरिया सुरक्षा मामिलामा सहयोगी हुन्।

अहिले करिब ३० हजार अमेरिकी सैनिक दक्षिण कोरियामा तैनाथ छ। उत्तर कोरियाबाट बचाउन उनीहरूलाई तैनाथ गरिएको हो। सन् १९५० मा उत्तरले दक्षिण कोरियामाथि आक्रमण गरेको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका नेता किम जोङ उनले ऐतिहासिक बैठक सम्पन्न भएपछि एक दस्तावेजमा हस्ताक्षर गरेका छन्। अमेरिकाले उत्तर कोरियाको सुरक्षा ग्यारेन्टी लिएको छ भने किमले पूर्ण परमाणु निशस्त्रीकरणमा सहमति दिएका छन्।

- ❖ ट्रम्पले सैन्य अभ्यास बन्द गर्ने र दक्षिण कोरियाबाट सैनिक फिर्ता गर्न चाहेको बताए
- ❖ युद्ध अभ्यास अत्यन्तै उत्तेजना फैलाउने भएकाले यो खेल बन्द गर्छौं
- ❖ उत्तर कोरियाद्वारा पूर्ण परमाणु निशस्त्रीकरणका लागि प्रतिवद्धता व्यक्त

सिंगापुरको ऐतिहासिक बैठक सम्पन्न भएपछि उत्तर कोरियाका नेताले पूर्ण निशस्त्रीकरणका लागि प्रतिवद्धता व्यक्त गरेको हो। अमेरिकाले उत्तर कोरियाको सुरक्षाको ग्यारेन्टी लिएको छ।

### ह्वाइट हाउसमा बोलाइने

ट्रम्पले किम अन्त्यन्त प्रतिभाशाली भएको बताए। दस्तावेजमा हस्ताक्षरपछि ट्रम्पले आफ्ना लागि अत्यन्तै राम्रो दिन भएको र दुबैले एक अर्काको देशका बारेमा जान्ने मौका पाएको बताए। ट्रम्पले किम जोङ उन अत्यन्त प्रतिभाशाली भएको बताउँदै आफूहरू भविष्यमा बारम्बार भेट्ने बताए। निश्चित रूपमा आफूले पहिला भने जस्तै किमलाई ह्वाइट हाउसमा बोलाउने ट्रम्पले बताए।

शिखर बैठकको अन्तमा सहमतिमा हस्ताक्षर गरेपछि आफूहरूले अत्यन्तै महत्वपूर्ण दस्तावेजमा हस्ताक्षर गरेको राष्ट्रपति ट्रम्पले बताए।

### किमले के भने?

ऐतिहासिक सहमतिको दस्तावेजमा हस्ताक्षरपछि उत्तर कोरियाका नेता किमले इतिहासलाई पछाडि छोड्ने निर्णय गरेको बताए। विश्वले ठूलो परिवर्तन देख्न पाउने किमले बताए। किमले उक्त बैठकका लागि ट्रम्पलाई धन्यवाद दिए।

अमेरिकी राष्ट्रपति ट्रम्पले निशस्त्रीकरण प्रक्रिया चाँडै शुरू हुने पत्रकारहरूलाई बताए। यो बैठकपछि उत्तर कोरियाली शासक किमसँग एक विशेष सम्बन्ध बनेको ट्रम्पले बताए। किम आफ्नो देशलाई अत्यन्तै माया गर्ने शासक भएको पनि ट्रम्पले बताए।

ट्रम्पले हस्ताक्षरपछि सहमतिका विषयमा भने- 'यो पछि विश्व र उत्तर कोरियाको सम्बन्ध परिवर्तन हुन गइरहेको छ। अबको स्थिति पहिलेको तुलनामा फरक हुनेछ। हामी विश्वका लागि अत्यन्तै ठूलो र खतरनाक समस्यालाई सल्टाउन गइरहेका छौं।